कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th
RAJAT JAYANTI 2082

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २५ | अंक: १०७ | वि.सं. २०८२ साउन १३ मंगलवार | नेपाल संवत: ११४५, श्रावण शुक्लपक्ष पञ्चमी | Tuesday 29 July 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

### कर्णाली सरकारले सुरु गर्‍यो घर बीमा कार्यक्रम

# १५ पालिकाका १६ हजार निजी आवासीय घरको विपद् बीमा

**ओम शाही**
**सुर्खेत, १२ साउन ।**

कर्णाली प्रदेश सरकारले विपद् जोखिम क्षेत्रमा अवस्थित निजी आवासीय घरको बीमा कार्यक्रम सुभारम्भ गरेको छ। प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम अन्तर्गत कर्णाली प्रदेशमा स्थायी बसोवास गर्ने नागरिकका निजी आवसको बीमा गर्ने कार्यक्रम अघि बढाइएको हो। जसअन्र्तगत पहिलो चरणमा कर्णालीका १५ स्थानीय तहका दुई सय १३ वडाका १६ हजार घरधुरीको बीमा गरिएको छ। प्रदेशभर विपद्को उच्च जोखिम क्षेत्रमा रही प्राकृतिक विपद्का कारण हुने क्षति र नोक्सानीको आर्थिक सुरक्षाको प्रत्याभूत गर्न प्रदेश सरकारले गत आर्थिक वर्ष २०८१ /०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेटमा घर बीमा कार्यक्रम अघि सारेको थियो।

सोही कार्यक्रम बमोजिम सोमबारबाट प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयले सोमबारदेखि घर बीमा कार्यक्रम सुभारम्भ गरेको हो । विपद्का कारण कर्णालीका नागरिकले वर्षेनी जनधनको क्षति व्यहोर्नु पर्ने अवस्थालाई मध्यनजर गर्दै प्रदेशभित्र स्थायी बसोबास गर्ने नागरिकका निजी आवासीय घरको बीमा गरी आर्थिक सुरक्षा प्रदान गर्न घर बीमा कार्यक्रम सुभारम्भ गरिएको मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार घर बीमा कार्यक्रम कार्यान्यवन गर्न घर बीमा कार्यक्रम सम्बन्धी कार्यविधि २०८१ गत १३ फागुन २०८१ को मन्त्रीपरिषदबाट स्वीकृत भएको थियो।

कार्यविधि बमोजिम घर बीमा कार्यक्रममा आवद्ध हुन प्रदेशका ७९ वटै स्थानीय तहलाई सूचना गरिएकोमा १० जिल्लाका २३ स्थानीय तहले प्रतिवद्धतासहितको विवरण उपलब्ध गराएको मन्त्रालयका सचिव पुष्पराज शाहीले जानकारी दिए । उनका अनुसार कार्यविधिको दफा ३ (४) बमोजिम नेपाल बीमा प्राधिकरणले छनौंट गरी पठाएका बीमक कम्पनीले २३ स्थानीय तहका निजी आवासको मूल्यांकन गरिएकोमा तोकिएको समयावधिभित्र विवरण पठाएका १५ स्थानीय तहका १६ हजार ७२ घरको घर बीमालेख जारी गरिएको हो।

उनका अनुसार कार्यविधिको दफा ५ को २ बमोजिम प्रतिघर अधिकतमा २० लाखसम्मको प्रिमियम प्रदेश सरकारले व्यहोर्ने छ भने सोभन्दामाथिको प्रिमियम भने स्वयम् घरधनीले व्यहोर्नुपर्ने छ। कार्यविधिको दफा ४ बमोजिम घर बीमालेखले भूकम्पबाट हुने क्षति, अग्नीजन्य, हावाजन्य, पानीजन्य, भूमिजन्य, खस्ने वा भासिने सम्बन्धी जोखिम, चटयाङगजन्य जोखिम, आकाशिय सामाग्रीजन्य जोखिम, धक्काजन्य जोखिम, स्वजलन सम्बन्धी जोखिम, बाढी तथा डुवावानबाट क्षतिग्रस्त घर, हुलदंगा तथा आतंकवादजन्य जोखिम तथा अन्य प्राकृतिक विपद्का कारण क्षतिग्रस्त घरलाई समेट्ने छ। घरको बीमालेख जारी भएसँगै प्रिमियम वापत प्रदेश सरकारले नेपाल बीमा प्राधिकरणलाई ९८ लाख २४ हजार आठ सय ९३ भुक्तानी दिएको मन्त्रालयका सचिव शाहीले बताए।

शाहीका अनुसार चालु आर्थिक वर्ष २०८२/०८३ मा घर बीमा कार्यक्रमका लागि तीन करोड ५० लाख बजेट विनियोजन भएको छ। आघिल्लो आर्थिक वर्षमा घर बीमामा समाबेश नभएका स्थानीय तहलाई चालु आर्थिक बर्षमा समावेश गरिने मन्त्रालयले जनाएको छ। घर बीमा कार्यक्रमको बीमा लेख हस्तान्तर गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित कार्यक्रममा बोल्दै प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले कर्णाली बहुपर्कोपिय विपद्को उच्च जोखिमयूक्त क्षेत्र भएकाले नागरिकको सम्पत्ति सुरक्षाको प्रत्याभुत गर्न घर बीमा कार्यक्रम सुभारम्भ गरिएको बताए।

उनले सानो लगानी भएपनि यसले नागरिकको सम्पत्ती सुरक्षामा ठुलो टेवा पुऱ्याउने अभिप्रायका साथ नविनतम कार्यको थालनी गरेको बताए। घर बीमा जस्तै प्रदेश सरकारले कृषि तथा पशु बीमा कार्यक्रम कार्यक्रमलाई प्रभावकारी सञ्चालनको आवश्यकता औँल्याउदै मुख्यमन्त्री कँडेलले क्षतिपूर्ति दिने भन्दा पनि बीमा कार्यक्रममार्फत सुरक्षा अपनाउनतर्फ स्थानीय तहले अग्रसरता लिनुपर्नेमा जोड दिए।

'थोरै रकमले नागरिकको सुरक्षित बसोबासको ग्यारेण्टी हुन्छ, क्षति भइसकेपछि सरकार गुहर्दै हिड्नुभन्दा रकम थोरै होस् तर स्थानीय तहले सबै नागरिकलाई बीमामा आवद्ध गराउन सचेतना फैलाउन आवश्यक छ।' निजी आवासीय घर बीमा कार्यक्रमलाई कर्णालीका ७९ वटै पालिकामा चाँडै विस्तार गरिने उल्लेख गर्दै उनले सरकारले ल्याएको बीमा कार्यक्रममा निर्धक्क भएर सहभागिता जनाउँनसमेत नागरिकलाई आग्रह गरे।



## कुन पालिकामा कति घरको बीमा ?

कर्णाली प्रदेश सरकारले पहिलो चरणमा १५ स्थानीय तहमा घर बीमा कार्यक्रमका लागि बीमा लेख जारी गरेको छ। जसमा सल्यानको शारदा नगरपालिकाका चार हजार सात सय सात घरको बीमा गरिएको छ। यस्तै, दैलेखको ठाँटीकाँध गाउँपालिकामा पाँच सय २६, सुर्खेतको गुर्भाकोट नगरपालिकामा नौ सय १६, लेकवेशी नगरपालिकामा दुई सय ६५, बराहताल गाउँपालिकामा दुई हजार चार सय ६९ घरको बीमा गरिएको छ।

रुकुम पश्चिमको त्रिवेणी गाउँपालिकामा तीन सय ३९, सानी भेरी गाउँपालिकामा दुई सय १२ घरको बीमा गरिएको आन्तरिक मामिला तथा कानून मन्त्रालयले जनाएको छ। यस्तै, कालिकोटको तिलगुफा नगरपालिकामा ६ सय ५५, पलाता गाउँपालिकामा ६ सय ४३, महाबै गाउँपालिकामा ६ सय ८० घरको बीमा प्रदेश सरकारले गरेको छ। डोल्पाको जगदुल्ला गाउँपालिकाका ६ सय ४० घरको बीमा हुँदा जुम्लाको सिंजा गाउँपालिकामा एक हजार पाँच सय ४५ घरको बीमालेख जारी भएको छ। त्यस्तै, हुम्लाको खार्पुनाथ गाउँपालिकामा ६ सय ६१, मुगुको छायाँनाथ रारा नगरपालिकाका एक हजार तीन सय ११ र जाजरकोटको बारेकोट गाउँपालिकाका सात सय ३३ घरको बीमा गरिएको प्रदेश सरकारले जनाएको छ।

# हटेन छाउपडी : प्लास्टिकमुनि राखिइन् सुत्केरी, गोठ भत्काउन निर्देशन

**युग संवाददाता**
**कञ्चनपुर, १२ साउन ।**

दुई साताअघि कञ्चनपुरमा छाउगोठमा सुतेका बेला सर्पले डसेर एक महिलाको मृत्यु भएको खबर चर्चामा आयो।

कृष्णपुर नगरपालिका-१, निगालीमा छाउगोठमा सुतेका बेला उनलाई सर्पले डसेको थियो। यसपछि सरकारी निकायले छाउगोठ भत्काउन भन्दै निर्देशन दिए।

छाउपडी विरुद्ध सचेतना जगाउन सरकारी संयन्त्रले सचेतनामुलक काम गरेका छन्। कानूनी रुपमा यसलाई दण्डनीय हुने व्यवस्था गरेका छन्। तर, अझै यो प्रथा रोकिएको छैन। बरु प्रवृत्ति केही फेरिएको पाइएको छ।

हुम्लाको सिमकोट गाउँपालिका-७, पम्लाथुङमा हालै एक महिलालाई हरित गृह बनाउन भन्दै एउटा गैरसरकारी संस्थाले लिएको प्लास्टिकमुनि राखिएको भेटिएको छ।

अनलाइनखबरलाई प्राप्त तस्वीरमा २२ वर्षीय महिलालाई प्लास्टिकको मुनि राखिएको देखिन्छ। सुत्केरी भएपछि तीन बच्चासहित उनलाई त्यहाँ राखिएको थियो।

सिमकोटमा बालबालिकाको स्वास्थ्य र शिक्षामा काम गरिरहेको आधार नेपालका अध्यक्ष प्रह्लाद ढकाल भन्छन्, 'हामीले त्यहाँ बर्थिङ सेन्टर चलाइरहेका थियौं, सुत्करीको फलोअपका लागि घरमै जाने अभियान अन्तरगत नर्स त्यहाँ पुग्दा बाहिर प्लास्टिकमुनि बसिरहेको थाहा भयो।'

बच्चा जन्माएपछि ६ हप्तासम्म शिशु र आमाको स्वास्थ्य जाँचका लागि सेन्टरबाट नर्सहरु जाने गरेका थिए। त्यही क्रममा नर्सहरुले प्लास्टिकमुनि राखेको देखेपछि अरुलाई खबर गरेका गरेका थिए।

त्यहाँ जाँदा बच्चा र आमालाई जटिल अवस्थामा देखेको एक स्वास्थ्यकर्मी बताउँछिन्। 'त्यो ग्रिनहाउस निकै साँघुरो र मजाले हावा नछिर्ने किमिसको थियो', उनी भन्छिन्, 'पर्याप्त हावा नआउँदा बच्चाको शरीरभरि घमौरा आएको थियो, मैले पाउडर दिँदै प्रयोग गर्न सुझाव दिएँ।'

आमालाई समेत अत्यधिक गर्मीका कारण केही खान समस्या भएको पाइएको थियो। 'उनको रक्तचाप कम थियो, कमजोरी र चक्कर आउने समस्या थियो', उनी थप्छिन्।

सिमकोट गाउँपालिकाकी उपाध्यक्ष सुशीला रोकायाले भने आफू काठमाडौंमा रहेको भन्दै घटनाबारे थाहा नभएको बताइन्। 'मैले पनि सुनेकाले वडाध्यक्षज्यूलाई फोन गरेर सोधेको थिएँ, तत्काल जान भनेको थिएँ', उनले भनिन्, 'तर, फेरि केही खबर आएको छैन।

आफूहरुले छाउगोठ भत्काउन समुदायस्तरमा जनचेतनामुलक कार्यक्रमहरु गर्ने

बाँकी ३ पेजमा

**खण्ड १. लिलामी सूचना**

**पुराना उपकरण तथा फर्निचरहरुको लिलाम विक्री गर्ने वारेको सूचना**

सेभ द चिल्ड्रेन सुर्खेत फिल्ड कार्यालय,वीरेन्द्रनगर, सुर्खेतले आफ्ना विभिन्न पुराना कार्यालय सामग्रीहरु तथा फर्निचरहरुको लिलाम बिक्री "जे छ जहाँ छ" को आधारमा लिलाम गर्न गईरहेको हुँदा ईच्छुक व्यक्ति तथा संघ/संस्थाहरुले सीलबन्दी बोलपत्र पेश गर्न हुन आह्वान गरिन्छ।

सामग्री अवलोकन तथा फारम वितरण मिति २०८२/०४/१३ देखि २०८२/०४/२२ गते सम्म (तदनुसार जुलाई २९, २०२५ देखि अगष्ट ०७, २०२५) प्रत्येक दिन ३ बजे देखि ५ बजेसम्म कार्यालयमा सम्पर्क गर्न सकिने छ। (नोटः शनिबार र आईतबार कार्यालय बन्द रहने छ)

**पुराना सामग्रीहरुको विवरण निम्नानुसार रहेका छन्ः-**

१. पुराना मोटरसाइकलहरु
२. पुराना फर्निचरहरु
३. पुराना विद्युतीय उपकरण तथा सामग्रीहरु

१. खरिद गर्ने सामग्रीहरुमा यदि कुनै कर लाग्ने भएमा खरिदकर्ता स्वयम्ले व्यहोर्नु पर्नेछ।
२. वोलपत्र प्रक्रियासम्बन्धी अन्तिम निर्णय सेभ द चिल्ड्रेनमा निहित हुने छ।

- बोलपत्र पेश गर्ने अन्तिम मितिः- २०८२/०४/२२ गते सम्म (तदनुसार अगष्ट ०७, २०२५) साँझ ५ बजेसम्म।
- बोलपत्र खोल्ने मितिः- २०८२/०४/२६ गते (अगष्ट ११, २०२५)।

Save the Children

**सुर्खेत फिल्ड कार्यालय**
**वीरेन्द्रनगर नगरपालिका-वडा नं ७, कालुङ्गचौक, ईत्राम, सुर्खेत**
**फोन नम्बरः- ०८३-५२५६११/५२५७५६**

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई

RARA Printing Pvt.Ltd.

रारा प्रिन्टीङ्ग प्रा.लि.

Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)






हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

## सम्पादकीय....

# भेरी लिफ्टको महत्व

कर्णाली प्रदेशको राजधानी मुकाम भएसँगै वीरेन्द्रनगर नगरपालिका तीव्र सहरीकरणतर्फ उन्मुख भइरहेको छ। स्थायी र अस्थायी गरी वीरेन्द्रनगरको जनसंख्या पाँच लाख बढी छ। वीरेन्द्रनगरमा बढ्दो जनघनत्वसँगै आधारभूत आवश्यकता मध्येको खानेपानीको संकट विस्तारै चुलिदै गएको छ। वीरेन्द्रनगरमा हाल विद्यमान खानेपानीको आपूर्ति र मागमा निकै ठुलो असमानता छ। वीरेन्द्रनगरमा खानेपानी आपूर्ति हुने मुख्य स्रोतहरु झुप्रा, खरी बोरी र अन्य साना खोलाहरुको पानीले वर्तमान जनसंख्यालाई पुग्ने गरी आपूर्ती हुन सक्ने अवस्था छैन। सुर्खेत उपत्यका खानेपानी उपभोक्ता संस्थाका अनुसार यसअघि दुई लाख जनसंख्या रहेको उपत्यकामा ३५ हजार घरधुरी थिए। उक्त जनसंख्यालाई सहज खानेपानीको आपुर्ति गर्न करिब दुई सय ७८ लिटर प्रतिसेकेण्ड पानी आवश्यक पर्छ। तर आपूर्ति भने जम्मा एक सय २८ लिटर प्रतिसेकेण्ड मात्र हुने गरेको छ। सुर्खेत उपत्यकामा ३५ हजार घरधुरीमध्ये हालसम्म २० हजार घरधुरीमा मात्रै खानेपानीको धारा जडान भएका छन्। बाँकी घरधुरीमा पानी वितरण हुन सकेको छैन्।

जडान भएका धारामा पनि नियमित पानी आपूर्ति भएको अवस्था छैन। अहिले प्रयोगमा आइरहेको पानी आवश्यकता भन्दा ५४ प्रतिशतले कम छ। झण्डै दुई दशक अघिको जनसंख्यालाई आधार मानेर निर्माण गरिएको वर्तमान खानेपानी बोक्ने संरचनाले वीरेन्द्रनगरको मागअनुसारको पानी आपूर्ति गर्न सकेको छैन। त्यसमा पनि जिर्ण र पुराना संरचनाका कारण पानी चुहावटको समस्या पनि उत्तिकै छ। वीरेन्द्रनगरको यही समस्याको दीर्घकालिन समाधानको उपयूक्त विकल्प भनेकै भेरी नदीको पानी लिफ्ट गरिनु हो। वीरेन्द्रनगरमा आगामी ३० वर्षपछि बृद्धि हुनसक्ने जनसंख्यालाई आधार मानेर भेरी पम्पिङ आयोजना अघि बढिरहेको छ। आयोजनाको कुल लागत झण्डै ६ अर्ब रुपैयाँ छ। भेरी लिफ्ट संघीयता कार्यान्वयनपछि संघीय सरकारबाट स्थानीय तहले पाएको सबै ठुलो लगानीको परियोजना पनि हो। लामो समयदेखि चर्चामा रहेको भेरी पम्पिङ आयोजना कार्यान्वयनमा आएसँगै वीरेन्द्रनगर उपत्यकाको खानेपानी समस्या समाधान हुने अपेक्षा गरिएको छ। दुई चरणमा काम हुने आयोजनाको पहिलो चरणमा पानीको बहावलाई डाइभर्ट गरी नदी सतहदेखि करिब सात किलोमिटर गहिरा दुई वटा इन्टेक निर्माण गरिने छ।

दोस्रो चरणमा उपत्यकामा पर्ने रत्न राजमार्ग र सुर्खेत-जुम्ला सडकको दुवैतर्फ प्रसारण लाइन विस्तार गरिनेछ। तीन वर्ष निर्माणको समयावधि रहेको आयोजना निर्माण सम्पन्न भइसकेपछि पनि थप तीन वर्ष आयोजनाको सञ्चालन र व्यवस्थापनको जिम्मा निर्माण कम्पनीले लिनेछ। त्यस पश्चात् आयोजनाको सम्पूर्ण स्वामित्व वीरेन्द्रनगर नगरपालिकाको मातहतमा आउने छ। लामो समयको अध्ययन पश्चात विश्व बैंकको ऋण अनुदानमा अघि बढाइएको आयोजनाले कार्यान्वयन अघिका सबै कानूनी अल्झन पार गरिसकेको छ। उपत्यका भित्र पाइप लाइन विस्तार जारी छ भने, मुख्य प्रसारण लाइनको काम दशैं अगावै सुरु हुने जनाइएको छ। यसले वीरेन्द्रनगरको खानेपानीको समस्याको चाँडै अन्त्य हुनेतर्फ संकेत गर्दछ। प्रविधिका हिसावले महङ्गो मानिएको भएपनि यो आयोजनालाई समयमै पूर्णता दिनतर्फ तीनै तहका सरकारले ध्यान दिन आवश्यक छ। आयोजना कार्यान्वयनका क्रममा स्थानीयस्तरमा आइपर्ने उल्झनहरुलाई समयमै समाधान गरी निर्माण कार्यको नियमित अनुगमन तथा मूल्यांकनको कार्यलाई चुस्त बनाइनु पर्दछ। यसले भोलीका दिनमा ठुलो जनसंख्यालाई प्रभाव पार्ने आयोजनालाई सफल बनाउँन मद्दत गर्नेछ।

## विश्व

# युरोपेली मुलुकमा अमेरिकी करको प्रभाव फरक-फरक

**पेरिस, १२ साउन ।**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आइतबार युरोपेली सङ्घका सबै मुलुकमाथि १५ प्रतिशत कर लगाउने घोषणा गर्नुभएको छ। यी सबै देशहरू समान रूपमा अमेरिकी बजारमा उजागर हुँदैनन् त्यसैले अगस्ट १ मा शुल्कहरू सुरु हुँदा समान कर वृद्धिका परिणामहरू भोग्ने छैनन्।

मूल्यको हिसाबले, जर्मनी अमेरिकामा सामानको सबैभन्दा ठुलो निर्यातक हो र अमेरिकाको कार, इस्पात र मेसिन उपकरणहरूका लागि एक प्रमुख आपूर्तिकर्ता हो। सन् २०२४ मा यी वस्तुको कुल निर्यात एक खर्ब ६१ अर्ब २० करोड अमेरिकी डलर रहेको थियो। इयूको तथ्याङ्क कार्यालय युरोस्टाटका अनुसार आयरल्यान्ड र इटालीको निर्यात गत वर्ष क्रमशः ७२ अर्ब डलर र ६४ अर्ब डलर थियो।

फ्रान्समा 'एरोनोटिक्स', कृषि-खाद्य, वाइन र भौतिक सुखका सामानहरू छन् तर तिनीहरूको कम उजागर भएको छ जसले बजार गुमाउने जोखिम छ। युरोस्टाटका अनुसार इयूले समग्रमा आफ्नो २० प्रतिशत सामान संयुक्त राज्य अमेरिकामा निर्यात गर्दछ। अमेरिकी वाणिज्य विभागलाई प्रतिवेदन दिने ब्यूरो अफ इकोनोमिक एनालिसिस (बिइए)का अनुसार २७ सदस्यीय समूहको संयुक्त राज्य अमेरिकासँग वार्षिक २३५.६ अर्ब डलरको व्यापार अधिशेष छ। चीनसँग मात्रै बढी आर्थिक अधिशेष छ।

**-आयरल्यान्ड यूरोपको प्रयोगशाला**

आयरल्यान्डसँग इयू सदस्यहरूमध्ये मूल्यको हिसाबले ४८६.७ अर्ब डलरको सबैभन्दा ठुलो अधिशेष छ। यसको एक चौथाईभन्दा बढी सामानहरू अमेरिकामा निर्यात गर्दछ। यसको मुख्य कारण फाइजर, एली लिली र जोन्सन एन्ड जोन्सन जस्ता प्रमुख अमेरिकी औषधी कम्पनीहरूको उपस्थिति हो।

तिनीहरू सबै १५ प्रतिशत कर्पोरेट करबाट लाभ उठाउन आयरल्यान्डमा स्थापित भएका हुन्। संयुक्त राज्य अमेरिकामा २१-प्रतिशत कर भन्दा बढी लाभप्रद उत्पादनको कर तिर्नुपर्छ। यी कम्पनीहरूले आयरल्यान्डमा आफ्नो 'प्याटेन्ट होस्ट' गर्न सक्दछन् र अमेरिकी बजारमा बेच्न सक्दछन्, जहाँ औषधिको मूल्य परम्परागत रूपमा बाँकी विश्वको तुलनामा उच्च छ।

ट्रम्पले आइतबार औषधी क्षेत्रले विशेष छुट नपाउने बताउनुभएको थियो। आयरल्यान्डमा एप्पल, गुगल र मेटाजस्ता विशाल अमेरिकी प्रविधि कम्पनीहरूको अधिकांश युरोपेली मुख्यालयहरू पनि रहेका छन्। उनीहरू आयरल्यान्डको आकर्षक कर प्रणालीबाट पनि आकर्षित हुन्छन्। समग्रमा, फार्मास्युटिकल्सले संयुक्त राज्य अमेरिकामा इयू निर्यातको २२.५ प्रतिशत हिस्सा ओगटेको छ, जहाँ धेरै ठुला लगानीकर्ताहरूले प्रमुख लगानीको घोषणा गरेका छन्।

**-जर्मनी, औद्योगिक शक्तिगृह**

युरोपेली सङ्घको सबैभन्दा ठुलो अर्थतन्त्र जर्मनी निर्यातमा निर्भरताका कारण विशेष दबाबमा छ। सन् २०२४ मा संयुक्त राज्य अमेरिकासँग यसको ८४.८ अर्ब डलरको उच्च अधिशेष थियो। जर्मनीको तथ्याङ्क कार्यालय डेस्टाटिसका अनुसार संयुक्त राज्य

बाँकी ३ पेजमा

# शिक्षामा सदा हस्तक्षेप



✍ प्रह्लाद कार्की

नेपालको उच्च शिक्षा अहिले दोबाटोमा छ। २०औं शताब्दीको मध्यतिर विद्यार्थीहरूले लोकतान्त्रिक अधिकारका लागि आन्दोलन गरेका थिए। तर अहिले त्यही आन्दोलन राजनीतिक नियन्त्रणको साधन बनेको छ। जसले शैक्षिक उपलब्धि र संस्थाको इमान्दारीमा असर पुऱ्याएको छ। २०२५ अप्रिलमा भएको २९ दिन लामो शिक्षक आन्दोलन (६० लाख विद्यार्थी प्रभावित) र त्रिभुवन विश्वविद्यालयको उपकुलपति नियुक्तिमा भएको विवादले देखाउँछ कि उच्च शिक्षा कसरी राजनीतीकरण भइसकेको छ। अहिलेका क्याम्पसहरू पार्टीका नियन्त्रणका लागि रणभूमि बनेका छन्।

भर्खरैका अध्ययन, सरकारी दस्तावेजहरू र पछिल्ला घटनाहरूले देखाउँछन् 'नेपालको हरेक संस्था राजनीतिक बन्धकजस्तै महसुस हुन्छन् शिक्षा अब लाभको बजार बनेको छ।' विद्यार्थी युनियनदेखि प्राध्यापक नियुक्ति, पाठ्यक्रम निर्णयदेखि पूर्वाधार खरिदसम्म राजनीतिक हस्तक्षेपले शैक्षिक गुणस्तर, विद्यार्थीको हित र दीर्घकालीन विकासमा गहिरो असर पारेको छ। उद्गम र अहिलेको अवस्था : १९६० र १९९० को दशकमा भएका विद्यार्थी आन्दोलनहरूले नेपालको उच्च शिक्षामा राजनीति भित्र्याए। राजनीतिक दलसँग आबद्ध विद्यार्थी युनियनहरूलाई मान्यता दिँदा त्यो लोकतान्त्रिक संक्रमणका लागि एक महत्त्वपूर्ण मोड थियो।

पछिल्ला विश्लेषणहरूले देखाउँछन् कि लोकतन्त्र आएपछि पनि विश्वविद्यालयमा राजनीतिक जरा बलियो रहिरह्यो। त्रिभुवन विश्वविद्यालयमा पार्टीगत विद्यार्थी युनियनहरूलाई मतदान अधिकारसहित क्याम्पस नियन्त्रण दिइयो। यसले शैक्षिक नेतृत्वलाई शैक्षिक उद्देश्यबाट हटाएर राजनीतिक बनायो। अहिले राजनीतिक पक्षलाई प्राथमिकता दिइएको देखिन्छ, शैक्षिक योग्यता र संस्थाको आवश्यकतालाई होइन।

वर्तमान राजनीतिक हस्तक्षेपका प्रमाणहरू : २०२५ मा २९ दिनसम्म चलेको शिक्षक हडताल (२ लाख ३० हजार शिक्षक)ले देखाउँछ कि अहिले शिक्षा नीतिहरू पनि राजनीतिक उद्देश्यअनुसार तय हुन्छन्। यस हडतालले अर्थतन्त्रमा २८.८ अर्ब रुपैयाँ घाटा पुऱ्यायो। ६० लाख विद्यार्थीको पढाइ अवरुद्ध भयो, कारण थियो संघीय शिक्षा नियन्त्रणका लागि गरिएको राजनीतिक द्वन्द्व। राजनीतिक प्रभाव केवल विद्यार्थी संगठनहरूमा सीमित छैन, प्राध्यापक र पाठ्यक्रम सञ्चालनमा पनि असर पारेको छ। त्रिभुवन विश्वविद्यालयको 'भिजन-२०३० प्रतिवेदनमा भनिएको छ– 'पढाइ सुरु र समाप्त गर्ने समय, परीक्षा सञ्चालन र नतिजा प्रकाशनमा सामान्यतया ढिलाइ भएको छ।' केही संकायहरूमा ६ देखि १२ महिनासम्म तालिकामा ढिलाइ भएको छ, त्यसको कारण हो हडताल र राजनीतिक हस्तक्षेप।

**शैक्षिक प्रणालीभित्रको नियन्त्रण र खरिदको राजनीतिक प्रभाव :** अनुसन्धानकर्ताहरूले संस्थागत नियन्त्रण' भन्नाले यस्तो अवस्था बुझाउँछन्, जहाँ विद्यार्थी संगठनहरूका राजनीतिक सञ्जालहरूले विश्वविद्यालयको निर्णय प्रक्रियालाई नियन्त्रण गर्छन्। विश्वविद्यालयहरूमा पूर्वाधार निर्माण, पाठ्यक्रम तय गर्ने, प्राध्यापक सरुवा र बढुवा, समिति सदस्य चयनजस्ता कामहरूमा राजनीतिक प्रभाव बढ्दो छ। यसले गर्दा नातावाद, स्रोतको दुरुपयोग र शैक्षिक जडताजस्ता समस्याहरू बढेका छन्। उपकुलपति र अन्य उच्च पदस्थ शैक्षिक नेतृत्व नियुक्तिमा राजनीतिक हस्तक्षेपले ठूलो क्षति पुऱ्याएको छ।

२०२४ को फेब्रुअरीमा अर्थशास्त्री किरण पौडेलले लेखेका थिए– 'राजनीतिक नियुक्तिहरू लामो समयदेखि चलिआएको चलन हो, जसका कारण सुधार गर्न चाहने उपकुलपतिहरूले पनि केही गर्न सक्दैनन्, किनकि उनीहरू विरोध, हडताल र राजनीतिक संगठनहरूले गरिने तोडफोडबीच अल्झिन्छन्।'

**विद्यार्थीलाई 'राजनीतिक पुँजी' बनाउने चलन :** शिक्षालाई राजनीतिक बनाउने प्रक्रियाको सबैभन्दा पीडादायक पक्ष हो– विद्यार्थीहरूलाई ज्ञानको खोजी गर्ने सिकाइकर्ता नभई राजनीतिक साधनका रूपमा हेर्ने प्रवृत्ति। विद्यार्थी युनियनहरूले राजनीतिक दलहरूको समर्थनमा काम गर्छन्, भर्ना र होस्टेल व्यवस्थाबाट रकम संकलन गर्छन्। क्याम्पसमा राजनीतिक विचारधारा फैलाउने काम गर्छन्। यसले विद्यार्थीको सिकाइ र भविष्य दुवैमा नकारात्मक असर पुऱ्याउँछ।

**हिंसा र डरको सामान्यीकरण :** राजनीतीकरणको अर्को चिन्ताजनक पक्ष हो– डर, धम्की र हिंसाको सामान्यीकरण। यसले संस्था विघटन गर्न सक्ने दबाब सिर्जना गर्छ, विद्यार्थी संगठनहरूको शक्ति देखाउँछ र अरूलाई चुप लाग्न बाध्य बनाउँछ। यस्तो व्यवहारले शैक्षिक संस्थामा खोज, छलफल र स्वतन्त्र सोचजस्ता आधारभूत मूल्यहरूलाई समाप्त पार्दछ।

**अव्यवस्थित शैक्षिक पात्रो – शिक्षामा परेको असर :** उच्च शिक्षाको राजनीतीकरणले शैक्षिक पात्रोलाई गम्भीर रूपमा असर पारेको छ। हडताल, दंगा र राजनीतिक झगडाका कारण पढाइ नियमित हुँदैन, जसले विद्यार्थीको सिकाइ, कलेजको भरपर्दोपन र शिक्षाको गुणस्तरलाई हानि पुऱ्याउँछ। २०२५ को शिक्षक हडतालले यसको गहिरो असर देखायो– २९ दिनसम्म विद्यालयहरू बन्द हुँदा पढाइ, भर्ना र परीक्षा सबै अवरुद्ध भए। ६० लाख सरकारी विद्यालयका विद्यार्थी प्रभावित भए। यो हडताल नयाँ शैक्षिक वर्षको सुरुवातमै गरिएको थियो ताकि यसको प्रभाव बढी देखियोस् र शिक्षा प्रणालीमाथि राजनीतिक शक्ति देखाउन सकियोस्।

इतिहास हेर्दा पनि यस्तो अवस्था सामान्य छ। त्रिभुवन विश्वविद्यालयका केही संकायमा ६-१२ महिनासम्म पढाइ ढिलाइ भएको छ, मुख्यतः हड्ताल र राजनीतिक कारणले। २०२१ को विद्यार्थी युनियन निर्वाचनमा ६ सय ५ भन्दा बढी मतदाताले शैक्षिक मुद्दा होइन, पार्टीलाई ध्यानमा राखेर मतदान गरेका थिए। यसले देखाउँछ– क्याम्पसमा पनि पार्टीगत राजनीति प्रमुख बनेको छ। यसले केवल तालिका होइन, विद्यार्थीको भविष्य पनि असर गर्छ। अब धेरै विद्यार्थीले स्नातक गर्न ढिलो गर्छन्, रोजगारीमा जान समय लाग्छ, प्रतिस्पर्धात्मक क्षमता घट्छ। विश्वविद्यालयले दीर्घकालीन योजना बनाउन सक्दैनन् किनभने तालिका नै निश्चित छैन।

**अन्तर्राष्ट्रिय दृष्टिकोण :** नेपालको राजनीतिक शिक्षा प्रणालीलाई अन्य देशसँग तुलना गर्दा समस्या गम्भीर देखिन्छ तर सुधार सम्भव छ। बंगलादेश र भारतमा पनि शिक्षामा राजनीतिक हस्तक्षेप थियो, तर उनीहरूले कानुनी र न्यायिक सुधारमार्फत त्यसमा केही नियन्त्रण ल्याएका छन्। बंगलादेशमा विद्यार्थीमा जागरण आएपछि विश्वविद्यालयहरूमा राजनीतिक जबर जस्ती घटेको छ। पछिल्ला रिपोर्टहरूमा भनिएको छ, 'विद्यार्थीहरू अब राजनीतिक सभा भाग लिन जबर्जस्ती गरिँदैनन्, न त पहिले झैं मानसिक र शारीरिक यातना दिइन्छ।' यसले देखाउँछ- राजनीतिक इच्छाशक्ति र सशक्त संस्था भए सुधार सम्भव छ।

फिनल्यान्ड, जर्मनी र जापानमा राजनीतिक तटस्थता विश्वविद्यालय शासनको आधार हो। शैक्षिक र राजनीतिक निर्णय छुट्टै राखिएका छन्, जसले शिक्षा प्रणालीमा गुणस्तर कायम राखेको छ। यी मोडेलले देखाउँछन्- राजनीतिक तटस्थता र शैक्षिक उत्कृष्टतासँगै जान सक्छन्। दार्शनिकहरू सुकरातदेखि पाउलो फ्रेइरेसम्म सबैले शिक्षालाई राजनीतिबाट टाढा राख्न सुझाव दिएका थिए। उनीहरू भन्छन्, 'शिक्षा साँचोको सेवक हुनसक्छ तर राजनीतिक विचारधाराको होइन। जब पार्टी राजनीति कक्षामा पस्छ, तब विश्वविद्यालय शोषण तालिम केन्द्रमा परिणत हुन्छ।'

**भविष्यको बाटो– संरचनागत सुधार :** शिक्षालाई राजनीतीकरणबाट मुक्त गर्न केवल नेतृत्व परिवर्तन या नीति निर्माणले पुग्दैन। संस्थागत ढाँचा र सांस्कृतिक सोचमा आमूल परिवर्तन आवश्यक छ। सबैभन्दा पहिला एक गैरराजनीतिक शिक्षा शासन आयोग बनाइनुपर्छ। यो आयोगले विश्वविद्यालयको नेतृत्व छनोट, प्राध्यापक नियुक्ति र नीति मूल्यांकनको काम पारदर्शी, योग्यतामूलक तरिकाले गरोस्। सबै उच्च पदहरू योग्यताका आधारमा भर्ना होऊन्।

विद्यार्थी संगठनहरूलाई राष्ट्रिय राजनीतिक दलसँग आबद्ध हुने अधिकार बन्द गरिनुपर्छ। अध्ययनले देखाउँछ, 'क्याम्पसमा राजनीति बन्द नगरी सक्षम नेतृत्व नियुक्त गर्न सकिँदैन, न त पढाइको स्तर सुधार्न सकिन्छ।' यस्तो कानुनी प्रतिबन्धले क्याम्पस शान्त र उद्देश्यमा केन्द्रित बनाउन सक्छ। विद्यार्थीहरूलाई मुद्दा आधारित सहभागितातर्फ लैजानुपर्छ। जस्तै शैक्षिक सुधार, पूर्वाधार विकास, सीप कार्यक्रम, नवप्रवर्तन आदि। फिनल्यान्ड, दक्षिण कोरिया र सिंगापुरजस्ता देशमा यस्तो मूल्यमा आधारित विद्यार्थी सहभागिताले शैक्षिक नेतृत्व बलियो बनाएको छ।

**निष्कर्ष– शिक्षा बचाउन लोकतन्त्रको रक्षा :** नेपालको राजनीतिक उच्च शिक्षा प्रणालीले लोकतन्त्र र गुणस्तर दुवैलाई कमजोर बनाइरहेको छ। शिक्षा अब सार्वजनिक हितभन्दा बढी राजनीतिक अस्त्र बनेको छ। तत्काल सुधारका लागि स्वतन्त्र शासन, योग्यतामूलक नियुक्ति र पार्टी राजनीति निषेध गरिनुपर्छ। तर यसले दीर्घकालीन सामाजिक परिवर्तन पनि माग्छ, जहाँ शिक्षा सार्वजनिक सेवा हो भन्ने सोच सबैले आत्मसात गरुन्। यो मात्र विश्वविद्यालयको सवाल होइन।

नेपालको मानव स्रोत र विश्व प्रतिस्पर्धामा टेकेर अगाडि बढ्न उच्च शिक्षाको गुणस्तरमा भर पर्छ। अबको निर्णय भनेको शिक्षा राजनीतिक दलको बन्दक बनाउने कि लोकतान्त्रिक भविष्यको आधार बनाउने ? विश्वभरका उदाहरणले देखाउँछन्– राजनीतिक इच्छाशक्ति र राम्रो संस्थागत डिजाइनबाट सुधार सम्भव छ। अब प्रश्न छ– नेपालका नेतृत्वकर्तामा त्यो आँट छ कि छैन ? र, नागरिक समाजले त्यो परिवर्तन माग्न तयार छ कि छैन ? साँचो सुधारले मात्र नेपालमा शिक्षित, नैतिक र नवप्रवर्तनशील नागरिक उत्पादन गर्न सक्छ- लोकतन्त्रका लागि, समृद्धिका लागि। *(अन्नपूर्ण)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** – आयस्रोत राम्रो हुनाले आवश्यक भौतिक साधन जुट्नेछन्। आम्दानी बढ्नाले उत्साह जाग्नेछ। श्रमको उचित मूल्य पाइनेछ।

**वृष** – अवसर प्राप्त भए पनि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। पुरानो हिसाबकिताब सुल्झाउन समय लाग्नेछ।

**मिथुन** – व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा हुनेछ। तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ। उपलब्धिको स्रोत प्राप्त हुनेछ।

**कर्कट** – अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने अवस्था आउन सक्छ। व्यापारिक लगानीमा जोखिम बढ्न सक्छ। गोपनीयता भंग हुनुका साथै धन बाहिरिन सक्छ।

**सिंह** – तत्कालको फाइदा हेर्दा परिस्थिति बिग्रन सक्छ। काममा आंशिक लाभ भए पनि केही समस्या बढ्नेछन्। विवादास्पद कामले समस्या निम्त्याउने देखिन्छ।

**कन्या** – अरूको विश्वास गर्दा सुरुमा काम रोकिन सक्छ। पहिलेका समस्या दोहोरिनाले अलमलमा परिएला। गोपनीयता बाहिरिनाले समस्या पर्न सक्छ।

**तुला** – मिहिनेत गर्दा लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। विद्यामा वृत्ति, सहुलियत वा विशेष अवसर प्राप्त हुनेछ।

**वृश्चिक** – तत्कालको फाइदा हेर्दा परिस्थिति बिग्रन सक्छ। पुरानो सम्झौता भंग हुन सक्छ। महत्त्वाकांक्षाले केही समस्या उत्पन्न गर्ने देखिन्छ।

**धनु** – कर्मयोगले लोकप्रियता दिलाउनेछ भने विशेष उपहार प्राप्त गर्ने समय छ। तर पहिलेका सहयोगीहरू प्रतिस्पर्धीका रूपमा देखा पर्नेछन्।

**मकर** – तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ। सुखद् समाचारले उत्साह जगाउनेछ। आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ।

**कुम्भ** – काम बन्नुका साथै दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ।

**मीन** – खर्च लागे पनि दिगो काम गर्न सकिनेछ। खर्चिलो योजना बन्नाले धेरै रकम जोहो गर्नुपर्ला। सोखले विलासी वस्तुहरूमा खर्च गराउनेछ।

माओवादीमा उकुसमुकुस :

# विप्लव, जनार्दन र घनश्यामबिच बढ्दो सम्बन्ध





**युग संवाददाता**
**काठमाडौं, १२ साउन ।**

नेकपा माओवादी केन्द्रभित्र अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र उपमहासचिव जनार्दन शर्मा 'प्रभाकर' बिचको छेडखानीले आन्तरिक द्वन्द्व बढ्दै गएको छ । नेकपाका संस्थापक महासचिव पुष्पलालको ४७ औं स्मृतिको अवसरमा शर्माले अध्यक्ष प्रचण्डप्रति लक्षित गरी कम्युनिस्ट पार्टीभित्र जनवाद समाप्त भएको र केन्द्रीयता मात्रै बाँचेको चित्रण गरेका थिए ।

'पार्टीमा जनवादी केन्द्रीयताको कुरा हामीले गरिरहेका छौँ । जनवाद समाप्त भयो । केन्द्रीयतामात्रै बाँच्यो । केन्द्रीयता केन्द्रीयतामा रहेन, नोकरशाही केन्द्रीयतामा बदलियो । नोकरशाही केन्द्रीयतामा सीमित भएन । त्यो सामन्ती निरंकुशतामा बदलियो । कम्युनिस्ट पार्टी फेरि सामन्ती झुण्डहरू जस्ता बन्न थाले । यो आजको अवस्था हो', उनले भनेका थिए ।

शर्माले सुशासनको सवालमा मनमोहन अधिकारीबाहेक अरू बाँकी नेताहरूले असुली धन्दा गरेको गम्भीर आरोपसमेत लगाए । आर्थिक पारदर्शी र सुशासनका लागि पहिला आफैँबाट छानबिन हुनुपर्ने भन्दै उनले त्यसका लागि पार्टीभित्रको व्यक्ति नभई बाहिरबाट स्वतन्त्र व्यक्ति ल्याउनुपर्ने मत राखेका थिए ।

तर शर्माको प्रस्तावलाई अध्यक्ष प्रचण्डले ठाडै अस्वीकार गरे । पुष्पलाल स्मृति दिवसको दिन साउन ७ गते राष्ट्रिय सभागृहमा भएको कार्यक्रममा प्रचण्डले पार्टीभित्र फरक मत राख्नेलाई पर्याप्त मात्रामा सिँगौरी खेल्न दिएको जिकिर गरे । भिन्न मतलाई दमन गर्नुभन्दा पनि उदारता देखाउनु आफ्नो कमजोरी भएको उनको जिकिर थियो ।

'मैले पर्याप्त छलफलको वातावरण दिने गरेको छु । अहिले पनि केही साथीहरूले सिँगौरी खेल्न पाएजस्तो गर्नुभएको छ । उहाँहरूलाई प्रशस्त सिँगौरी खेल्न दिएको छु । परामर्श भन्दै डेढ महिना देशभर लिएरै हिँडे मैले । योभन्दा बढी गर्ने के हो जनवाद ?' प्रचण्डको प्रश्न थियो ।

यसरी नेतृत्व तह नै सार्वजनिक रूपमा आरोप-प्रत्यारोपमा उत्रिएपछि माओवादीका नेता तथा कार्यकर्ताहरू सामाजिक सञ्जालमार्फत एकअर्कालाई खुइल्याउन तल्लीन देखिएका छन् । प्रचण्ड पक्षधरले पार्टी नेतृत्वमाथि चौतर्फी घोरबन्दी भइरहेको वेला प्रतिवाद गर्नुको सट्टा गुटबन्दी गरेको, पार्टी विभाजन गर्न खोजेको जस्ता गम्भीर आरोप लगाएका छन् । यता शर्मा पक्षधरले नेतृत्वमाथि प्रश्न गर्दैमा विभाजनकारी भनेर आरोप लगाउनु उचित नभएको बताएका छन् । पूर्वमन्त्री तथा माओवादीका नेता सुदन किरातीले त प्रश्न गर्नेहरूलाई पार्टी विभाजनको आरोप लगाउने प्रवृत्तिविरुद्ध सशक्त प्रतिवाद गर्न आह्वान गरेका छन् ।

आइतबार सामाजिक सञ्जाल फेसबुकमा किरातीले लेखेका छन्– ' प्रश्न गर्नेहरूलाई पार्टी विभाजनको आरोप लगाउने प्रवृतिको विरुद्ध सशक्त वैचारिक प्रतिवाद गरौँ । नेतृत्वको विचार र योगदानलाई जुग-जुगसम्म बचाइराख्न चाकडी र चाप्लुसी गर्ने प्रवृतिलाई निषेध गरौँ ।'

साथै उनले पछिल्लो केन्द्रीय समिति बैठकको निर्णय अनुसार पार्टी बलियो बनाउन शुद्धीकरण, सुदृढीकरण र रूपान्तरणको अभियानलाई तीव्र बनाउन र सहिदको सपना पूरा गर्न कुनै पनि स्वरूपको लोभ तथा लालच त्याग्न तयार हुनसमेत आग्रह गरेका छन् ।

उपमहासचिव समेत रहेका शर्माले पनि संस्थापन पक्षबाट लगाइएको आरोपमा कुनै सत्यता नभएको प्रस्ट पारेका छन् । 'मेरो उद्देश्य पार्टी निर्माण गर्नु हो । नेतृत्व विधि, पद्धतिबाट चल्नुपर्छ भन्ने नै हो । २०६४ सालमा प्रत्यक्ष १२० सिट जितेको पार्टी २०७९ को चुनावसम्म आइपुग्दा १८ सिटमा खुम्चिएको छ । यो कसको कारणले भयो ? यसबारे गम्भीर समीक्षा गरौँ भन्दा पार्टी विभाजनको हल्ला फैलाउनुमा कुनै सत्यता छैन,' उनले भने, 'नेतृत्वलाई युगौँ युगसम्म बचाइ राख्न पहिले पार्टी बाँच्नुपर्‍यो ।'

नेतृत्वसँगै पार्टी अवसान हुने डर लाग्दो अवस्था अन्त्य गरौँ भनेरै आफूले नयाँ वैचारिक र सैद्धान्तिक आधारमा पार्टी पुनर्गठनको प्रस्ताव गरेको शर्माको जिकिर छ । उनले भने, 'पार्टी निर्माण बाहेक मेरो कुनै स्वार्थ छैन । गत वर्ष स्थायी समिति बैठकमा जुन प्रस्ताव पेस गरेको छु, त्योभन्दा बाहेक अर्को प्रस्ताव लैजाने मेरो कुनै योजना छैन ।'

शर्माले गत वर्ष साउन २६ गते स्थायी समिति बैठकमा 'पार्टी निर्माणका समस्या, समाधानका उपाय र आगामी कार्यभार' सम्बन्धी १४ बुँदे प्रस्ताव गरेका थिए । पार्टी र आन्दोलनमा अन्तरसंघर्ष र दुई लाइन संघर्षको सन्दर्भमा एकथरिले अन्धसमर्थन गर्ने र अर्कोथरिले वर्ग संघर्षकै रूपमा बुझ्ने प्रवृत्ति हाबी भएको उनको निष्कर्ष छ । यसलाई पार्टी निर्माण र नयाँ परिस्थिति अनुसार रुपान्तरण र विकासको अर्थमा बुझ्ने चेतना अभिवृद्धि गर्न जरुरी रहेको उनको मत छ ।

**किन बिच्किए जनार्दन शर्मा ?**

माओवादीले साउन १६ गते स्थायी समिति बैठक बोलाएको छ । आन्तरिक विवादका कारण योपटक बैठक निकै पेचिलो हुने देखिएको छ । माओवादीको अन्तरविरोध वैचारिक मन्थन हो वा स्वार्थ समूहको दन्तबझान हो भन्नेमा नेताहरूका आ-आफ्नै तर्क छ । यद्यपि पार्टी विभाजन गर्न लागिएको भनेर माओवादी संस्थापन पक्षद्वारा लगाइएको आरोप शर्मा पक्षले ठाडै अस्वीकार गरेको छ ।

खासमा यो आरोप प्रचण्ड वरिपरिका झुण्डबाटै सुनियोजित रचिएको हल्ला भएको शर्मा पक्षको जिकिर छ । गत वर्ष असार ३१ गते प्रचण्ड सत्ताबाट हटेपछि साउन १० गते पदाधिकारी बैठक राखेका थिए । सोही बैठकमा उपमहासचिव शर्माले पार्टी निमार्णसम्बन्धी ९ बुँदे प्रस्ताव पेस गरेका थिए । त्यो प्रस्तावले माओवादी हेडक्वाटरमा हल्लाखल्ला मच्चिएको थियो ।

'जनार्दनले पार्टी विभाजन गर्न खोज्दैछ भनेर प्रचण्डले लगाएका आरोप हुन् । यतिमात्र होइन, संसदीय दलमा हस्ताक्षर नै जुटाएका छन् भन्नेजस्ता निराधार आरोप समेत लगाएर कमजोर पार्ने प्रयास गरियो । मलाई थाहा भएसम्म जनार्दन शर्मा पार्टी विभाजन गर्ने पक्षमा हुनुहुन्न', शर्मा निकट एक नेताले भने, 'उहाँको ध्यान निरन्तर ओरालो लागेको पार्टीलाई कसरी पुनर्स्थापित गर्ने ? कसरी बलियो बनाउने भन्नेमा छ ।'

शर्माले पार्टीलाई नीति र विधानबाट चलाउनु पर्छ, हजारौँ सहिदको बलिदानीबाट बनेका पार्टीलाई नयाँ विचार, सिद्धान्तको संश्लेषण गरी अगाडि बढ्नुपर्छ भन्दा शक्ति र सत्ता गुम्ने डरले नेतृत्वबाट सुनियोजित हल्ला फैलाइएको ती नेताको दाबी छ ।

पार्टी विभाजन गर्दैछ भनेर चलाएको हल्लाको विषयमा शर्माले अध्यक्षसँगै जबाफसमेत मागेका थिए । पार्टी विभाजन गर्न लागिएको भनेर आफूले नभनेको प्रचण्डको जबाफ थियो ।

शर्माको प्रस्ताव पार्टीलाई विभाजनभन्दा पनि बलियो बनाउने गरी आएकाले छलफलका लागि तल्ला समितिमा लैजान तयार रहेको त्यतिवेला प्रचण्डले बताएका थिए । शर्माले पनि ९ बुँदे प्रस्तावलाई संशोधन गर्दै स्थायी समिति बैठकमा पेस गरे ।

२०८१ पुस २३ मा सम्पन्न केन्द्रीय समिति बैठकले शर्माको प्रस्तावलाई समेत समेटेर अनुमोदन गरेपछि विवाद मत्थर भएको थियो ।

बैठकले २०८२ असारसम्म पूर्व-पश्चिम लोकमार्ग, मध्यपहाडी मार्ग केन्द्रित अभियान सम्पन्न गर्ने र मंसिरमा विशेष महाधिवेशन गर्ने निर्णय गरेको थियो । मध्यपहाडी अभियानको क्रममा जेठको दोस्रो हप्ता रुकुम(पश्चिम) पुगेको माओवादी जागरण सभामा प्रचण्डले शर्मालाई बिझाउने गरी घुमाउरो शैलीमा जो-जसले पार्टी छोडे पनि रुकुमेली जनता नेतृत्वको पक्षमा उभिने बताएका थिए ।

आफ्नै गृहजिल्लामा आएर नेता तथा कार्यकर्तालाई नेतृत्वले भड्काउने काम गरेकोमा शर्माको चित्त दुःखेको उनी निकटस्थ नेताहरूको भनाइ छ ।

यस्तै अखिल क्रान्तिकारीको उमेरहद र नेतृत्व चयन, प्रेस सेन्टर तथा वाईसीएलको नेतृत्व छनोटमा प्रचण्ड पक्षले गरेको गुन्डागर्दीपूर्ण व्यवहारबाट शर्मा थप चिढिएको बुझिएको छ । संगठन विभाग प्रमुखसमेत रहेका शर्मा असार २७ गते सुदूरपश्चिम प्रदेशको कैलालीस्थित टीकापुर पुगेका थिए । सुदूरपश्चिम पार्टी प्रदेश कार्यालयमा नेता तथा कार्यकर्तासँग उनले भेटघाट गरेका थिए ।

सोही क्रममा व्यापारी टीकाराम जैसीकी आमाको निधन भएकाले समवेदना दिन उनको घरमा समेत शर्मा पुगेका थिए । शर्मा सुदूरपश्चिम गएको विषयमा प्रचण्डले सोधीखोजी गरेको आरोप सुदूरपश्चिमका एक नेताले बताए ।

'प्रभाकर कमरेड जनयुद्धको वेलामा युद्ध योजनाकार पनि हुनुहुन्छ । यहाँका जनतासँग भावनात्मक सम्बन्धको आधारमा उहाँ यहाँ आउनु स्वाभाविक छ,' ती नेताले भने, 'उहाँ संगठन विभाग प्रमुख र उपमहासचिव भएकाले पार्टी निर्माणको क्रममा नेता तथा कार्यकर्तासँग भेटघाटमा आउनुभएको हो । सोही क्रममा उहाँले व्यापारी टीकाराम जैसीको आमाको निधनमा समवेदना दिन जैसीको घरमा जानुभएको हो । भेटघाटको विषयलाई लिएर पार्टीले सोधीखोजी गर्नु राम्रो होइन ।' यद्यपि प्रचण्डको सचिवालयले उक्त आरोपको खण्डन गरिसकेको छ । मुख्य स्वकीय सचिव गोविन्द आचार्यले जनार्दन सुदूरपश्चिम गएको विषयमा अध्यक्षले चासो दिएको आरोप निराधार भएको स्पष्ट पारेका छन् ।

'उहाँ सुदूरपश्चिम गएको विषयमा अध्यक्षले पनि केही भन्नुभएको छैन । सचिवालयबाट पनि कसैलाई नभेट भनेको छैन । भेट्न जानेलाई किन गइस् भनेको पनि छैन । पार्टीलाई बलियो भनाउने भन्दा पनि यस्ता विषयमा अनावश्यक कुरा गरेर द्वन्द्व बढाउने काम राम्रो होइन', आचार्यले भने । *(रातोपाटी)*

# मासु प्रशोधनमा २७ अर्ब लगानी गरिँदै
# चिनियाँ कम्पनीको २० अर्ब स्वीकृत

**युग संवाददाता**
**काठमाण्डौं, १२ साउन ।**

मासु उत्पादन तथा प्रशोधनका लागि २७ अर्ब रूपैयाँभन्दा बढी लगानी हुने भएको छ । राँगा तथा भैंसीपालन, चरन क्षेत्र विस्तार, मासु र सहायक वस्तुहरूको उत्पादनका लागि यस्तो लगानी गरिने भएको हो ।

यस अन्तर्गत चीनको सिचुवान प्रान्तस्थित छेन्दु जियान फुड कम्पनीले भैंसीको मासु प्रशोधन उद्योग स्थापना गर्न उद्योग विभागबाट स्वीकृति पाएको छ ।

विभागले साउन ८ गते यस कम्पनीलाई २० अर्ब रूपैयाँ बराबरको प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) स्वीकृति दिएको हो ।

यो स्वीकृतिसँगै नेपालमा शतप्रतिशत विदेशी लगानीमा स्थापना हुन लागेको यो मासु प्रशोधन उद्योग अहिलेका लागि सबभन्दा ठूलो मानिएको छ ।

उद्योगले वार्षिक दुई लाख मेट्रिक टन मासु र ५५ हजार मेट्रिक टन सहायक उत्पादन (छाला, भित्री अंग, टाउको आदि) उत्पादन गर्ने जनाइएको छ ।

यो उद्योग सिन्धुलीको मरिण गाउँपालिका-४ मा एक सय बिघा क्षेत्रफलमा फैलिनेछ । पूर्ण क्षमतामा सञ्चालनमा आएपछि यस उद्योगले पाँच हजार एक सय ५६ जनालाई रोजगारी दिनेछ ।

कम्पनीले १० देखि २० महिनाभित्र निर्माण सुरू गर्ने प्रतिबद्धता जनाएको छ । यो प्रतिबद्धतासँगै कम्पनीले दुई वर्षभित्र उद्योग सञ्चालनमा ल्याई मासु निर्यात थाल्ने तयारी गरेको जनाएको छ ।

छेन्दु जियान कम्पनीले कति समयभित्र कति लगानी भित्र्याउने भन्ने तालिका पनि पेस गरेको छ । तालिका अनुसार पहिलो वर्षभित्र ६ अर्ब, दोस्रो वर्षभित्र थप १० अर्ब र तेस्रो वर्षभित्र थप ४ अर्ब रूपैयाँ लगानी भित्र्याइनेछ ।

यही काममा साझेदारी गर्न नेपाली निजी कम्पनी हिमालयन फुड इन्टरनेसनल प्राइभेट लिमिटेडले पनि थप ७ अर्ब रूपैयाँ लगानी गर्ने जनाएको छ । यो लगानीमा भने बैंक ऋण र स्वपुँजीबाट जुटाउने जनाएको छ । अहिले बैंकहरूसँग छलफल भइरहेको कम्पनीले जनाएको छ ।

'छेन्दु जियान प्रालिको लगानी २० अर्ब हो । काममा हामीसँग सहकार्य हुन्छ । काममा साझेदारीका लागि हामीले ७ अर्ब रूपैयाँ छुट्टै लगानी गर्दैछौं,' हिमालयन फुड इन्टरनेसनलका अध्यक्ष नवीन शर्माले भने ।

सुरूमा अलग संरचनाबाट स्थापना हुने भए पनि प्रारम्भिक चरणमा दुवै कम्पनीको कुल लगानी २७ अर्ब रूपैयाँ पुग्नेछ ।

यी दुई कम्पनी एउटै कार्ययोजना र परियोजनामा साझेदारीका रूपमा सहकार्य गर्दैछन् । तर हिमालय नेपाली कम्पनी भएकाले उसले विदेशी लगानी अनुमतिमा छेन्दुसँग प्रत्यक्ष साझेदारी गर्नुभन्दा छुट्टै कम्पनीमार्फत काम गर्ने रणनीति लिएको हो ।

छेन्दु जियानले कारखाना निर्माण गर्ने, मासु उत्पादन र किसान व्यवस्थापन गर्ने, जग्गा प्राप्त गर्ने, घाँस खेती गर्ने, र भैंसी पाल्ने जस्ता सम्पूर्ण उत्पादन चक्र सम्हाल्नेछ ।

हिमालयन फुडले छेन्दु जियानले उत्पादन गरेको मासु निर्यात गर्नेछ । किसानका लागि आवश्यक परेमा कोष जुटाउने काममा पनि सहयोग गर्नेछ ।

अध्यक्ष शर्माका अनुसार यो परियोजना अन्य उद्योगजस्तो होइन – खरिद, उत्पादन र बिक्री मात्र यसको काम होइन ।

'यो उद्योगले भैंसी पाल्न किसान खोज्नुपर्छ । जग्गा सुरक्षित गर्नुपर्छ र घाँस खेती गर्नुपर्छ । खेती सम्बन्धी यी सबै मुख्य गतिविधिहरू छेन्दु जियानले हेर्छ । हिमालयले आवश्यकता अनुसार सहयोग गर्छ,' उनले भने ।

यो सहकार्य सुरु हुनुअघि नेपालबाट मासु निर्यात सम्भव हुने देखिएपछि धेरै चिनियाँ कम्पनीहरूले सहकार्यको प्रस्ताव गरेका थिए । तर हिमालयले उत्पादन चक्रदेखि निर्यातसम्मको जिम्मा सम्हाल्ने खालको साझेदारी खोजेको थियो ।

'नेपालबाट मासु निर्यात गर्न सकिन्छ भन्ने भएपछि धेरै चिनियाँ कम्पनीले सहकार्य गर्न खोजेका थिए । तर हामीले फार्मिङसहितको काममा सहकार्य गर्ने ठूलो चिनियाँ ठूलो कम्पनीसँग साझेदारी गरेका हौं,' शर्माले भने ।

यो परियोजनामा कम्तीमा पाँच लाख किसान आबद्ध गराउने उनले बताए ।

चीन हाल विश्वमै सबैभन्दा धेरै मासु खपत गर्ने देश हो । चीनले अस्ट्रेलिया, अर्जेन्टिना, ब्राजिलजस्ता टाढाका मुलुकहरूबाट मासु आयात गरिरहेको अवस्थामा नेपाल भौगोलिक रूपमा नजिक र लागतमा पनि सस्तो पर्ने भएकाले लगानीको सम्भावना देखिएको हो ।

छेन्दु जियान र हिमालयन फुडबीच सन् २०२६ फेब्रुअरीबाट नै मासु निर्यात थाल्नेगरी समझदारी भएको छ । तर जग्गाको हदबन्दी, खोरमुक्त क्षेत्र घोषणाजस्ता कानुनी तथा प्राविधिक प्रक्रिया नपुगेका कारण यो परियोजना करिब ६ महिना ढिलो भएको बताइएको छ ।

**मालपोत कार्यालय सुर्खेतबाट जारी भएको अपुताली जग्गा हक हस्तान्तरण गर्न हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

**सूचना प्रकाशित मिति : २०८२/०४/१३**

जिल्ला सुर्खेत बासपानी गाउँ पंचायत वडा नं.-८ हाल चौकुने गाउँपालिका वडा नं.-१ स्थायी घर भै हाल जिल्ला कैलाली बर्दगोरिया गाउँपालिका वडा नं. २ कुम्भीयामा बस्ने कृष्ण बहादुर बमको नाति बज्जीर सिंह बमको छोरा वर्ष ७३ को उपेन्द्र बहादुर बमले चौकुने गाउँपालिका वडा नं.-१ मा दिएको निवेदन बमोजिम साविक बासपानी गाउँ पञ्चायत वडा नं. ८ स्थायी निवासी बालसिंह बमको नाती/नातिनी बुहारी हरिसिंह बमको छोरा/बुहारी कुलराज बमको मिति १९९५/०७/०५ मा र निजको एकमात्र श्रीमती पवित्रा ठकुरानी आफ्नै कालगतीले मिति २०३५/०७/१५ गते चौकुने गाउँपालिका वडा नं. १ मा मृत्यू भएको निज दम्पतिबाट कुनै पनि सन्तानको जायजन्म नभएको भनि चौकुने गाउँपालिका वडा नं. १ को मिति २०७७/०८/१५ को प्रमाणित सम्बन्धको पत्रले खुल्न आएकोमा चौकुने गाउँ कार्यपालिकाको कार्यालय गुटु सुर्खेतको च.नं. २० मिति २०८२/०४/०६ को हक हस्तान्तरण सम्बन्धको पत्र बमोजिम मृतक ज.ध. पवित्रा ठकुरानीको नाममा दर्ता कायम साविक बासपानी गाउँ पञ्चायत वडा नं. ८ग को कि.नं. ९ क्षे.फ. ८-१-३, ८क कि.नं. १३ र १४ क्षे.फ. ३-५-३.७५ र २-१३-२.५/२ ज.वि मध्ये कि.नं. ९ क्षे.फ. ८-१-३ ज.वि. जग्गा मात्र चौकुने गाउँपालिकाको नाममा हक हस्तान्तरण गर्न भनि ले. सा. अधिवक्ता दिलराज गौतम (प्र.प.नं.११७३०) द्वारा मिति २०८२/०३/२४ मा जिल्ला कैलाली बर्दगोरिया गा.पा वडा नं. २ कुम्भीया बस्ने स्वर्गीय शेर बहादुर बमको छोरा बुहारी स्वर्गीय दानबहादुर बमको पत्नी वर्ष ८५ को मायादेवी बम, ऐ.ऐ. बस्ने ऐ.ऐ. को नाती जहर सिंह बमको छोरा वर्ष ८६ को बम बहादुर बम ठकुरी, ऐ.ऐ. बस्ने ऐ.ऐ. को नाती बजिर सिंह बमको छोरा वर्ष ७३ को उपेन्द्र बहादुर बम, ऐ.ऐ. बस्ने ऐ.ऐ. को नाती गगन सिंह बमको छोरा वर्ष ८१ को कमलसिंह बम्ब, ऐ.ऐ. बस्ने ऐ.ऐ. को नाती मान बहादुर बमको छोरा वर्ष ६४ को हिरा सिंह बम, ऐ.ऐ. बस्ने ऐ.ऐ. को नाती केशर सिंह बमको छोरा वर्ष ६४ को ठक्कर बहादुर बम ठकुरी, ऐ.ऐ. बस्ने चन्द्रभान सिंह बमको नातिनीबुहारी बर्मसिंह बमको जेठी छोरा बुहारी एकेन्द्र बहादुर बमको पत्नी उमादेवी बम, ऐ.ऐ. बस्ने ऐ.ऐ. को नाती वर्म सिंह बमको छोरा वर्ष ७१ को देव बहादुर बम गरी आठजनाले हामी ३ पुस्ता जेठा बाजे कृष्ण बहादुर बम माइला बाजे कुलराज बम र कान्छा बाजे चन्द्रभान सिंह बम तिनै मूल पुस्ताका हकवालाहरु आगे हामी हकवाल अंशियारहरुको माथि उल्लेखित तीनभाई मुल पुस्ताहरु माइला बाजे/ससुरा कुलराज बम र बजै पवित्रा ठकुरानीको कुनै सन्तान जन्म नभई निसन्तान अवस्थामा बाजेको मिति १९९५/०७/०५ मा र बजैको मिति २०३५/०७/१५ मा मृत्यू भएकोले मृतक माइली बजै पवित्रा ठकुरानीको नाममा दर्ता कायम माथी उल्लेखित कि.नं. हरुको जग्गा मध्ये साविक बासपानी गाउँ पञ्चयात वडा नं. ८ग कि.नं. ९ क्षे.फ. ८-१-३ ज.वि. भएको जग्गा चौकुने गाउँपालिकाको नाममा दाखा गर्न पुर्ण मन्जुरी छौ भनि कैलाली जिल्ला बर्दगोरीया गाउँपालिका वडा नं. २ स्थित आफ्नै गाउँमा बसि संयूक्त मन्जुरीनामा लेखि लेखाई दायाबाया बुढीऔला औठाछाप सहित सहिछाप गरेकोले चौकुने गाउँकार्यापालिका कार्यालयको च.नं. २० मिति २०८२/०४/०६ को हक हस्तान्तरण सम्बन्धको पत्र साथ तपसिल बमोजिमको जग्गा चौकुने गाउँपालिकाको नाममा हक हस्तान्तरण गरी पाउँ भनि यस मालपोत कार्यालयमा द.नं.२३९ मिति २०८२/०४/०७ मा निवेदन मागदावी रहेकोमा उक्त जग्गामा माथि उल्लेखित मन्जुरीनामा दिएका बाहेक अन्य कसैको हक दावी भए वा हक हस्तान्तरण माग गरेको जग्गा चौकुने गाउँपालिका नाममा हक हस्तान्तरण गरी जग्गाधनी प्रमाण पुर्जा दिन नमिल्ने कुनै कारण भए वा कसैले उल्लेखित कित्ता जग्गाको हकमा नामसारीको लागि यस पुर्व मिसिल भिडाई नामसारी प्रक्रियामा रहे भएको भए वा उल्लेखित जग्गाको हकभोग स्वामित्वमा असर पर्न जाने भए यो सस्चना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र यस कार्यालयमा स-प्रमाण दाबी गर्न आउनुहोला । तोकिएको म्याद भित्र कोही कसैको दावी विरोध नपरे चौकुने गाउँपालिकाको माग दाबीलाई स्वीकार गरेको मानि कानून बमोजिम जग्गा हक हस्तान्तरण भई जानेछ र यस विषयमा पछि कसैको कुनै दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैको लागि सूचित गरिन्छ ।

**तपशिलः**

| गा.बि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | दर्तावालाको नाम | निवेदकको नाम |
|---|---|---|---|---|---|
| बासपानी | ८ग | ९ | ८-१-३ | पवित्रा ठकुरानी | चौकुने गाउँपालिका, गुटु, सुर्खेत |

**मालपोत अधिकृत**

## हटेन...

गरेको भन्दै उनी भन्छिन्, 'महिला समूह बनाएर तालिम दिएका छौं, चेतना फैलाएका छौं ।' यद्यपि, छिटपुट रुपमा विभिन्न घटनाहरु सुनिने गरेको उनी बताउँछिन् ।

२०७४ सालदेखि लागू भएको मुलुकी अपराध संहिताले रजस्वला वा सुत्केरी भएको अवस्थामा महिलालाई छाउगोठमा राख्नुलाई दण्डनीय मानेको छ । त्यस्तो बेला अन्य भेदभाव, छुवाछुत वा अमानवीय व्यवहार गर्न समेत नहुने भनिएको छ ।

यस्तो कसुर गरेको ठहर भए तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्ने व्यवस्था छ । तर, जानकारहरुका अनुसार, अधिकांश घटनामा प्रहरीसम्म उजुरी नै पर्दैनन् । त्यसैले छाउगोठमा महिलालाई जोखिमपूर्ण अवस्थामा बस्न बाध्य पार्नेहरु कानुनी दायरामा आएका छैनन् ।

राष्ट्रिय मानवअधिकार आयोगले २०७५ सालमा गरेको एक अध्ययनले छाउ वा सुत्केरी भएको अवस्थामा घरबाहिर असुरक्षित रुपमा गोठमा महिलाहरुलाई अत्यन्तै जोखिमपूर्ण अवस्थामा राखिने गरेको देखाएको थियो ।

## युरोपेली...

अमेरिकाले जर्मन निर्यातको १०.५ प्रतिशत हिस्सा ओगटेको छ, यसको ठुलो हिस्सा अटोमोबाइल, रसायन, इस्पात र मेसिन उद्योगहरू हो ।

मर्सिडीज बेन्जको आम्दानीको २३ प्रतिशत हिस्सा अमेरिकाले ओगटेको छ । तीमध्ये केही संयुक्त राज्य अमेरिकामा निमार्ण भएका र निर्यात गरिएका एसयूभीहरूद्वारा हिसाब गरिएको भए तापनि तिनीहरू इयूबाट कुनै पनि कर प्रतिशोधद्वारा प्रभावित हुने जोखिम छ । जर्मन केन्द्रीय बैंक ले यस वर्षको सुरुमा जर्मन सामानहरूमा अमेरिकी करले उसको कुल गार्हस्थ्य उत्पादनमा १.० प्रतिशत कम गर्न सक्ने चेतावनी दिएको थियो ।

**मालपोत कार्यालय सुर्खेतबाट जारी भएको अपुताली जग्गा हक हस्तान्तरण गर्न हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

**सूचना प्रकाशित मिति : २०८२/०४/१३**

जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं. ०९, बस्ने चम्मारे खड्काको नाति/नातिनी प्रेम बहादुर खड्काको छोरा (ना.प्र.नं. ६३२०५७/४९९ जारी मिति २०७१/०९/२४ दैलेख) टिकाराम खड्का-१. ऐ.ऐ बस्ने चम्मारे खड्काको बुहारी प्रेम बहादुर खड्काको श्रीमती (ना.प्र.नं. ५६३५/३९ जारी मिति २०६२/०३/०१ दैलेख) भएकी लक्ष्मी खड्का (ना.प्र.नं. ६४१०२०/९६१११९ जारी मिति २०६७/०२/०९ सुर्खेत) भएकी सिता खड्का-२ ले हाम्रा युवा/श्रीमान प्रेम बहादुर खड्काको को मिति २०८१/१२/२२ गतेका दिन आफ्नै कालगतिले मृत्यु भएको र हाम्रा युवा/श्रीमान प्रेम बहादुर खड्काको तीनमाब श्रीमती मध्य टिकाराम खड्काको आमा मृतकको माइली श्रीमती गौरी शाहीको जिल्ला अछाम तुर्माखाद गा.पा वडा नं.-०२ बस्ने नर बहादुर शाहीसंग मिति २०६५/०६/०२ गते विवाह भइ गएकोले निज मृतक ज.ध का नाममा कायम रहेको तपशिलको जग्गा मृतकका सबैभन्दा नजिकको हकदार हामी निवेदक मात्र भएको भनि यस कार्यालयमा संयुक्त रुपमा कार्यालयको द.नं. ३४३ मिति २०८२/०४/११ मा निवेदन मागदावी रहेकोमा निज निवेदक बाहेक जालिखित जग्गामा अन्य कसैको हक दावी भए माग गरे बमोजिम साझा नामसारी गरी जग्गाधनी प्रमाण पुर्जा दिन नमिल्ने कुनै कारण भए वा उल्लेखित जग्गाको हकदावी गर्ने कुनै अंशियार भए वा उल्लेखित जग्गाको हकभोग स्वामित्वमा असर पर्न जाने भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद वाहेक ३५(पैतिस) दिन भित्र यस कार्यालयमा स-प्रमाण दावी गर्न आउनुहोला । तोकिएको म्याद भित्र कोही कसैको दाबी विरोध नपरे निवेदकको माग दावीलाई स्वीकार गरेको मानि कानून बमोजिम भई जानेछ र यस विषयमा पछि कसैको कुनै दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैको लागि सूचित गरिन्छ ।

**तपशिलः**

| गा.बि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | दर्तावालाको नाम | निवेदकको नाम |
|---|---|---|---|---|---|
| लाटीकोइली | ७ड | ८१७ | ०-०-१०-० (१६९.२९१६) | प्रेम बहादुर खड्का | लक्ष्मी खड्का (जेठी श्रीमती)<br>सिता खड्का (कान्छी श्रीमती)<br>टिकाराम खड्का (छोरा) |

**मालपोत अधिकृत**

# दसौं राष्ट्रिय खेलकुदको चुस्त तयारी गर्न प्रधानमन्त्रीको निर्देशन

**युग संवाददाता**
**काठमाडौं, १२ साउन ।**

प्रधानमन्त्री केपी ओलीले दसौं राष्ट्रिय खेलकुद प्रतियोगिता आगामी मंसिरभित्र सम्पन्न गर्ने गरी चुस्त र प्रभावकारी तयारी गर्न युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्को नेतृत्वलाई निर्देशन दिएका छन् ।

प्रधानमन्त्रीनिवास बालुवाटारमा भएको छलफल प्रधानमन्त्री ओलीले आगामी सन् २०२६ मा जापानमा हुने एसियन गेमको पूर्वसन्ध्यामा राष्ट्रिय प्रतियोगिता देशकै इज्जतको सवाल भएकाले राष्ट्रिय खेलकुदको भव्य तयारी गर्न निर्देशन दिएका हुन् ।

उनले प्रतियोगिताको मिति र स्थान राम्रो अध्ययन गरेर निर्णय गर्न र निर्णय गरेपछि परिवर्तन नगर्न पनि आग्रह गरे । परिषद्का संरक्षकसमेत रहेका प्रधानमन्त्री ओलीले मन्त्रालय र परिषद्को नेतृत्वबिच उचित समन्वय हुनुपर्नेमा पनि जोड दिएका थिए । छलफलमा युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरी, मन्त्रालयका सचिव डा. हरि प्रसाद लम्साल, परिषद्का उपाध्यक्ष ध्रुव आचार्य, सदस्यसचिव टंकलाल घिसिङलगायत सहभागी थिए ।

# लागू औषध मुद्दामा १५ वर्ष कैद र पाँच लाख जरिवाना फैसला भएका सापकोटा पक्राउ

**युग संवाददाता**
**सुर्खेत, १२ साउन ।**

लागु औषध (ब्राउन सुगर) मुद्दामा कैद सजाय फैसला भएका एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । अदालतबाट १५ वर्ष कैद र पाँच लाख जरिवना फैसला तोकिएका लक्ष्मण सापकोटालाई कर्णाली प्रदेश प्रहरी कार्यालयको विशेष टोलीले वीरेन्द्रनगरबाट पक्राउ गरेको हो ।

वीरेन्द्रनगर-६ सुर्खेत घर भएका ४२ वर्षीय सापकोटालाई उच्च अदालत तुलसीपुर दाङले ५ असार २०८० मा कैद र जरिवाना फैसला गरेको थियो । फैसला लगत्तै फरार सूचीमा रहेका सापकोटालाई प्रहरीको विशेष टोलीले वीरेन्द्रनगरको खजुरा क्षेत्रबाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता एवम् डिएसपी मोहनजंग बुढथापाले जानकारी दिए ।

सापकोटालाई प्रहरीले लामो समयदेखि निगरानीमा राख्दै आएको थियो । उनी प्रायः भारतमा बस्ने र कहिले पूर्वी नेपालका विभिन्न जिल्लामा लुक्दै आएकाले उच्च निगरानीमा राखेर पक्राउ गर्न सफल भएको प्रवक्ता बुढथापाले बताए ।

फैसला कार्यन्वयनको लागि पक्राउ परेका सापकोटालाई सोमबार सुर्खेत जिल्ला अदालतमा पेश गरेर कैद सजाय भुक्तानका लागि कारागारा कार्यालय सुर्खेत पठाइएको छ ।

# 'मानसिक स्वास्थ्य योजना किताबमै सीमित नहोस्'

**युग संवाददाता**
**दाङ, १२ साउन ।**




लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश सरकारले तयार पारेको 'मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीति कार्ययोजना (२०८१-२०८६) केवल किताबमै सीमित हुन नहुने बताएका छन् । राप्ती उपत्यका देउखुरीमा सोमवार आयोजित सार्वजनिकरण कार्यक्रममा बोल्दै मुख्यमन्त्री आचार्यले प्रदेश सरकारको रणनीतिक योजना व्यवहारमा लागू गरेर जनताले प्रत्यक्ष अनुभूति गर्ने गरी सेवा प्रवाह गर्नुपर्नेमा जोड दिए ।

'अब काम भनेको परिणाम र उपलब्धिमा आधारित हुनुपर्छ । कागजमा मात्रै सीमित भएर कुनै अर्थ छैन,'मुख्यमन्त्री आचार्यले भन्नुभयो,'समीक्षा गर्दा हरेक सूचक तथ्यांकमा आधारित भएर गर्न जरुरी छ । जहाँ काम भएको छैन, त्यहाँ सुधार आवश्यक छ ।'

उनले सामाजिक सचेतनामूलक कार्यक्रमहरूलाई आधारभूत तहका वर्गमा केन्द्रित गर्न निर्देशन दिए । सामाजिक, मानसिक स्वास्थ्य लगायत सबै प्रकारका सचेतना अभियान गाउँबस्ती र विद्यालय तहसम्म पुऱ्याउनुपर्नेमा उनले जोड दिए । 'हाम्रो जनशक्ति गाउँ र बस्तीसम्म पुग्न जरुरी छ । तर हालसम्म सुविधा सम्पन्न स्थानहरूमा मात्रै कार्यक्रम केन्द्रित हुँदा नतिजा आउन सकेन,' उनले भने,'स्वास्थ्य, सामाजिक विकास तथा आन्तरिक मामिला मन्त्रालयबीच समन्वय र सहकार्यबिना प्रभावकारी परिणाम सम्भव छैन ।' मानसिक स्वास्थ्य रणनीति योजनाको कार्यान्वयनको लागि बहुसरोकारवाला पक्षको कार्यक्रम समुदाय केन्द्रित हुनुपर्नेमा मुख्यमन्त्री आचार्यको बिशेष जोड छ ।

स्वास्थ्य मन्त्री खेमबहादुर सारुले प्रदेश सरकारले रणनीतिक योजना कार्यान्वयनमा अगाडि बढिसकेको जानकारी दिए । उनका अनुसार, उक्त योजनाअनुसार नर्स तथा मनोसामाजिक परामर्शदाताहरूलाई आवश्यक तालिम प्रदान गरिएको छ । आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले मानसिक स्वास्थ्य परामर्श सेवा प्रभावकारी बनाउनेतर्फ अझ प्रयास गर्नुपर्ने आवश्यकता औंल्याए ।

प्रमुख सचिव बाबुराम अधिकारीले मानसिक स्वास्थ्यलाई समग्र स्वास्थ्यको आधार मान्नुपर्नेमा जोड दिए । 'जबसम्म मानसिक रूपले स्वस्थ हुँदैनौं, तबसम्म अरू हिसाबले पनि स्वस्थ हुन सकिँदैन' उनले भने । कार्यक्रममा स्वास्थ्य सचिव दुर्गालक्ष्मी श्रेष्ठ, स्वीस सरकारका प्रतिनिधिका रूपमा प्रतिज्ञा सिम्खडा, सिएमसी नेपालका प्राविधिक निर्देशक डा. पशुपति महत, स्वास्थ्य सेवा निर्देशक रोशनलाल चौधरीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रमको विषय प्रवेश तथा स्वागत उपसचिव नारायणप्रसाद पौडेलले गरेका थिए भने जनस्वास्थ्य प्रशासक उमेश गौतमले रणनीतिक योजना र त्यसको कार्यान्वयनबारे प्रस्तुति दिएका थिए । कार्यक्रमको सहजिकरण बरिष्ठ अस्पताल नर्सिङ्ग प्रशासक ईश्वरी केसीले गरेका थिए । कार्यक्रम लुम्बिनी प्रदेश सरकारअन्तर्गतको स्वास्थ्य मन्त्रालय र सिएमसी नेपालको आर्थिक तथा प्राविधिक साझेदारीमा आयोजना गरिएको थियो ।

**रणनीतिक कार्ययोजना सार्वजनिक**

लुम्बिनी प्रदेश सरकारले ' मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना (२०८१-२०८६) सार्वजनिक गरेको छ । प्रदेश सरकारको मन्त्रीपरिषद्बाट स्वीकृतग गरी कार्ययोजना तयार पारी कार्यान्वयनमा लैजाने प्रदेशमा लुम्बिनी पहिलो भएको हो । सोमवार एक औपचारिक कार्यक्रम मार्फत मुख्यमन्त्री चेतनारायण आचार्य, स्वास्थ्यमन्त्री खेमबहादुर सारु, आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्की, प्रमुख सचिव वावुराम अधिकारी र स्वास्थ्य सचिव दुर्गालक्ष्मी श्रेष्ठले संयुक्त रुपमा विमोचन गर्दै रणनीतिक योजना सार्वजनिक गरेका थिए ।

मानसिक स्वास्थ्यसम्बन्धी समस्या दिनानुदिन गहिरिँदै गइरहेका बेला प्रदेश सरकारले दीर्घकालीन रणनीति सहितको कार्ययोजना ल्याएको छ । राष्ट्रिय सर्वेक्षण अनुसार लुम्बिनी प्रदेशका १३ प्रतिशत जनताले जीवनकालमा कुनै न कुनै मानसिक स्वास्थ्य समस्या भोगेका छन् भने हाल ५ दशमलव ४ प्रतिशतले यस्तो समस्या अनुभव गरिरहेका छन् । चिन्ता २२ प्रतिशत र डिप्रेसन १५ प्रतिशत यहाँका सर्वाधिक सामान्य मानसिक समस्या रहेको प्रक्षेपण गरिएको छ ।

त्यस्तै, सातै प्रदेशमध्ये लुम्बिनी प्रदेश आत्महत्या दरको हिसाबले तेस्रो स्थानमा पर्छ । प्रदेशमा प्रति १ लाख जनसंख्यामा २६ जनाले आत्महत्या गर्ने गरेका छन् । यसका साथै पछिल्ला तीन आर्थिक वर्षको तथ्यांकले लुम्बिनी प्रदेशमा मानसिक स्वास्थ्य सेवाको पहुँच र माग दुवैमा उल्लेखनीय वृद्धि भएको देखिएको छ । प्रदेश स्वास्थ्य मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७-८० मा १७ हजार ७ सय ८८ जना लाभग्राहीले मानसिक स्वास्थ्य सेवा लिएका थिए । त्यसपछिको वर्ष २०८०-८१ मा सेवा लिनेको संख्या दोब्बरभन्दा बढी बढेर ३५ हजार ४ सय ११ पुगेको थियो ।


प्रो. पदम बहादुर बुढा
खानी विभागबाट ढुङ्गा उत्खननको अनुमति प्राप्त
वि.सी. सिलेट ढुङ्गा काट्ने उद्योग
जुनीचाँदे-११, जाजरकोट
सम्पर्क स्थान : वीरेन्द्रनगर-१२, एयरपोर्टचोक, सुर्खेत
स्वदेशी नेचुरल अर्गानिक ढुङ्गा
हाम्रा सेवाहरू : घर, ट्वाईलेट, बाथरुम, बरण्डा, आँगन, पेटीमा विछ्याउन सकिने, मठ मन्दिर, पार्क, पर्यटकीय स्थलमा आकर्षक रूपमा डिजाइनमा विछ्याउन सकिने स्लेट ढुङ्गा अर्डर अनुसार विभिन्न साइजमा उपलब्ध छन् ।
☎ ९८५१३५१३२८, ९८५८०६१३२८

सांस्कृतिक विविधताको सम्मान गरौं ।
- सबै धर्म, जात, जाती भाषा भाषि, भेषभूषा र पहिचानको सम्मान गरौं,
- सबैका चाडपर्वमा सहभागी बनौं, अन्तरसंवाद बढाऔं,
- भेदभाव, छुवाछुत, घृणा र हिंसाविरुद्ध बोलौं,
- सांस्कृतिक कार्यक्रम र परम्परालाई संरक्षण गरौं,
- समावेशी समाज निर्माण गरौं,
- विविधतामा एकताको भावना निर्माण गरौं ।

"सांस्कृतिक विविधताको सम्मान गरी एकता कायम गरौं"
नेपाल सरकार
विज्ञापन बोर्ड

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर
हाम्रा विशेषताहरू
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै कित(ाबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

सामेल एग्रिकल्चर प्रा.लि.
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत
SAMEL AGRICULTURE PVT.LTD. SURKHET 2075
हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।
budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा
Bhawani Auto Workshop Birendranagar-Surkhet
☎ ९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२
भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत
TOYOTA BYD Mahindra FORCE ISUZU FOTON TATA
Servicing | Repair | Denting | Panting | Washing
हाम्रा सेवाहरु
✓ गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
✓ चार पाइग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
✓ बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
✓ डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
✓ गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
✓ सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।


युगआह्वान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।